जि.का.सप्तरी द.नं. २(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४१ अंक ३१ २०७९ साल चैत ५ गते आइतवार (19 Mar 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – पृष्ठ २ मा : मधेश प्रदेशका शिक्षा मन्त्रीले ल्याए ... पृष्ठ ४ मा : स्थानीय तहकै कर्मचारी ... पृष्ठ ५ मा :विभिन्न विकासीय योजनाहरु ढिलो ...

# प्रहरीद्वारा सचेतनाका लागि विद्यालय कक्षा संचालन



**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तरगत बिभिन्न विद्यालयहरुमा सचेतनामूलक अभियानका अघि बढाएको छ ।

नगर तथा गाउँका विभिन्न विद्यालयहरुमा ट्राफिक नियमावली उल्लंघन, सामाजिक सन्जालको दुरुपयोग, बढदो लागु औषध दुर्व्यसनी, चोरी, डकैती, लुटपाट, साइबर अपराध, आगलागि, बाढी तथा जातीय छुवाछुत लगायतका घटना न्यूनिकरण र नियन्त्रणका लागि कार्यक्रम लिएर पढाउँदै हिडेको छ ।

एक महिना यता सुरु गरिएको अभियान अन्तरगत शनिवारसम्मा जिल्लाको शम्भुनाथ नगरपालिका, राजबिराज नगरपालिका, बोदबर्साइन नगरपालिका, खडक नगरपालिका, सुरुङ्गा नगरपालिका, कञ्चनपुर नगरपालिका र डाक्नेश्वरी नगरपालिकाको विभिन्न वडामा प्रहरीद्वारा तीन दर्जनभन्दा बढी सचेतनामूलक कक्षा संचालन भइसकेको छ ।

यस्तै जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका, तिरहुत गाउँपालिका, बलान-बिहुल गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, अग्निसाइर कृष्ण सवरण गाउँपालिका, महादेवा गाउँपालिका लगायतका पालिकाको बिभिन्न पालिकामा रहेका विद्यालयहरुमा यस्तो कक्षा अझै चलिरहेको जिल्ला प्रहरी कार्यालय प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

बिभिन्न खाले बिकृति, बिसंगति तथा अपराध नियन्त्रण र न्यूनिकरण गर्ने उद्देश्यले नगर र गाउँका स्कुले बालबालिकाको स्कूल-स्कूल पुगेर कक्षा संचालन मार्फत सचेतना जगाउने काम अभियानकै रुपमा अघि बढेको प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीले बताए ।

पछिल्लो समय सडक दुर्घटना, ट्राफिक नियमको उल्लघंन, लागुऔषधको सेवनकर्ता, आगलागि, साइबर अपराध लगायतका घटना बढ्दो देखिएकाले न्यूनिकरणका लागि विद्यार्थीमार्फत यो कार्यक्रम थप प्रभावकारी हुने भएकाले यसरी अभियान नै संचालन गरिएको र कार्यक्रम जिल्लाका सबै १८ वटै पालिकामा संचालन हुने प्रहरी उपरीक्षक कार्कीले बताए ।

विद्यार्थी मार्फत यो कार्यक्रमलाई समाजमा लैजाँदा घर, परिवार र समाजमा सजिलैसँग जान सक्ने प्रहरीको विश्वास छ । कार्यक्रममा मातहतका प्रहरी चौकी र इलाका प्रहरी कार्यालयका साथै जिल्लाबाट समेत खटिने तालिम प्राप्त तथा अनुभवि प्रहरी अधिकारीहरुले कक्षामा सहभागी बालबालिकालाई पढाउने र आवश्यक प्रशिक्षण दिने गरेका छन् ।

# नेपाल-स्वीस चेम्बर मधेश प्रदेशको अध्यक्षमा सिंह मनोनित



**राजविराज**/नेपाल-स्वीस चेम्बर अफ कमर्श एण्ड इन्डस्ट्रिजले मधेश प्रदेशको अध्यक्षमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका निवासी एवं मधेश प्रदेशसभा सदस्य सतिश कुमार सिंहलाई मनोनयन गरेको छ ।

नेपाल-स्वीस चेम्बर अफ कमर्शका प्रमुख कार्यकारी अधिकृत सन्तोष गिरीद्वारा प्रेषित पत्रमा अध्यक्षमा सिंह तथा सदस्यहरुमा अनुप अग्रवाल, सन्दिप अग्रवाल र आशिष महतोलाई मनोनयन गरिएको उल्लेख छ ।

यस्तै समितिको सल्लाहकार डा. सोनी महतोलाई मनोनयन गरिएको छ । मधेश प्रदेशमा पहिलो समिति विस्तार गरिएको जनाउँदै पत्रमार्फत अगामी दिनमा सातै प्रदेशमा समिति विस्तार हुने जनाइएको छ ।

उक्त संस्थाको केन्द्रमा समिति रहेपनि प्रदेशमा भने पहिलो हो । नवनियुक्त अध्यक्ष सिंहले वार्षिक कार्ययोजना बनाएर कार्यसमिति अघि बढ्ने जनाएका छन् । यसका लागि मधेश प्रदेशका आठ वटै जिल्लाका सरोकारवालाहरुसँग व्यापक छलफल र सुझाव संकलन कार्य अघि बढ्ने सिंहले बताएका छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

# भन्सार छलेका रेडिमेड कपडाहरु बरामद

**राजविराज**/सप्तरीको खडक नगरपालिका ८ मा बादेबरसाईन बिसनपुर सडक खण्डमा भन्सार छली टेम्पोमा ल्याउदै गरेको विभिन्न सामानहरु प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले टेम्पो रोकी चेक जाच गर्ने क्रममा सामान टेम्पोमा सामान छाडि मानिस फरार भएको प्रहरीले जनाएको छ ।

बरामद गरिएका सामानहरुमा कपडाका रेडिमेड पाइन्ट, गन्जि, ट्राउजर लगायत ७७ हजार मुल्य बराबरको रहेको छ । ती सामानहरुलाई कारवाहीका लागि जिल्ला भन्सार कार्यालय राजबिराज तिलाठी पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

➢ सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं।
➢ भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं।
➢ सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं।
➢ अनधिकृतरुपमा सूचना प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्ववियु निर्वाचन र राष्ट्र राजनीतिमा प्रभाव

मुलुकमा झण्डै डेढ दशकपछि आज स्ववियु निर्वाचन हुनगइरहेको छ। लामो समय पश्चात् हुन गइरहेको विद्यार्थीहरुको निर्वाचनले उनीहरु निकै उत्साहित भएका छन्। यही निर्वाचनबाट राजनीतिक दलहरुले भविष्यका नेता पाउने छन्। कीन भने विद्यार्थी राजनीतिबाटै मुलुकका ठूला दलहरुमा अहिले ती नेताहरु स्थापित भइसकेका छन्। विभिन्न राजनीति दलहरुले यस निर्वाचनको परिणामलाई निकै महतव दिने गरेका छन्। स्ववियु निर्वाचनबाटै पार्टीका विद्यार्थी, युवा नेताहरु उत्पादन हुनेगर्छ।

विगतलाई सम्झने हो भने स्ववियु निर्वाचनबाटै उदाएका विद्यार्थी नेताहरु अहिले मुलुकका ठूला दलहरुमा स्थापित नेताको रुपमा क्रियाशिल छन्। स्ववियु निर्वाचन विद्यार्थीहरुको निर्वाचन मात्र नभएर पार्टीका नेताहरु उत्पादन गर्ने रुपमा हेरिन्छ। यसरी यस निर्वाचनमा पार्टीका नेताहरु समेतको चासो हुनु स्वभाविक हो। यसले ती पार्टीहरुको युवा विद्यार्थी नेताहरु तयार गर्छ। यसबाहेक स्ववियु निर्वाचनबाट निर्वाचित हुने नेताहरुले क्याम्पसमा पढ्ने विद्यार्थीहरुको हकहित तथा गुणस्तरिय शिक्षाका लागि पहल गर्नु पर्ने पहिलो प्राथमिकतामा पर्दछ।

स्ववियु निर्वाचनको परिणामले देशका राजनीतिक दललाई युवा विद्यार्थी जत्था तयार पार्न ठूलो भुमिका निवाह गर्ने गरेको छ। यसर्थ यस निर्वाचनको परिणामलाई राजनीतिक दलहरुले ठूलो अपेक्षाका साथ हेरेका छन्।

# मधेश प्रदेशका शिक्षा मन्त्रीले ल्याए शिक्षामा सुधारका निम्ति १६ बुँदे योजना

**जनकपुरधाम**/मधेश प्रदेश सरकारका शिक्षा, विज्ञान, प्रविधी तथा बाणिज्य मन्त्री महेश प्रसाद यादवले प्रदेशको शिक्षामा सुधारका निम्ति १६ बुँदे योजनाहरु सार्वजनिक गरेका छन्।




मन्त्री यादवले बुधबार जनकपुरस्थित शिक्षा, विज्ञान, प्रविधि तथा बाणिज्य मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गरि उक्त १६ बुँदे योजनाहरु सार्वजनिक गरेका हुन्।

पत्रकार सम्मेलनमा मन्त्री यादवले मधेश प्रदेशको शिक्षा अवस्था कमजोर हुनुको मुख्य कारण सबै पक्ष आफ्नो दायित्वबाट पन्छिएको बताउँदै उनले शिक्षकहरुले गरिनु पर्ने जतिको पठनपाठन काममा पनि ढिल्लासस्ती, विद्यालयका प्रधानाध्यापकहरु पूर्णकालिन राजनीतिमा लिप्त रहेको दाबी गरे।

सिमान्तकृत समुदाय, दलित, गरीब समुदायका बच्चाहरु समुदायिक विद्यालयमा बढी संख्या पाएकोले अभिभावकहरुको चेतनाको अभाव समेत देखिएकोले बिगतका सरकारहरु पनि अव्यवस्थित र अवैज्ञानिक ढङ्गले भौतिक संरचना निर्माणमा मात्रै ध्यान दिएको उनको आरोप छ।

सोही पत्रकार सम्मेलनमा मन्त्री यादवले शिक्षालयको मुख्य काम शिक्षालाई प्रगतिशील बनाउने तथ्यलाई कसैले आत्मसात नगरेको तथा शिक्षा सम्बन्धीको नयाँ ऐन कानुन र नीतिको समेत अभाव रहेको बताए।

पत्रकार सम्मेलनमा सार्वजनिक गरिएका १६ बुँदे योजनाहरुमा लचकदार व्यवहार अवलम्बन, नतिजामुखी नीति निर्माणमा जोड, त्रिपक्षिय समन्वय, साक्षर मधेश प्रदेश घोषणा, सिमान्तकृत समुदायको लागि विशेष नीति, क्युईएमएस नीति, प्रदेशिक शिक्षा ऐन, दण्ड पुरस्कार नीति, शिक्षा विज्ञहरुसँग त्रैमासिक स्कुलिङ, टेक्नोलोजि फर गार्जियन, मधेश कृषि विश्वविद्यालयमा नयाँ वर्षदेखी पठनपाठन, व्यवहारिक, संस्कारी र मातृभाषा शिक्षमा जोड, विज्ञान, प्रविधिसँग सम्बन्धीत प्रदेश स्तरिय बिग प्लान्ट जडानमा जोड, व्यापार तथा बाणिज्य सम्बन्धी विशेष नीति, प्रदेश स्तरमा हानिकारक पदार्थको नियमन र व्यवस्थापन तथा प्रदेश सरकारलाई आर्थिक रुपले सम्बृद्ध बनाउन आर्थिक मितव्ययतता सिद्धान्तलाई अभ्यासमा ल्याउने रहेका छन्।

## मञ्जु अन्सारीलाई प्रतिनिधिसभा सदस्य बनाउने निर्णय

**काठमाडौं**/जनता समाजवादी पार्टी नेपाल (जसपा)ले मञ्जु अन्सारीलाई प्रतिनिधिसभा सदस्य बनाउने निर्णय गरेको छ।

पार्टीको कार्यकारिणी समिति बैठकले अन्सारीलाई सांसद बनाउने निर्णय गरेको पार्टी प्रवक्ता मनिष सुमन जानकारी दिएका छन्।

पार्टीका तर्फबाट समानुपातिक सांसद शहनाज रहमानको निधन भएपछि प्रतिनिधिसभातर्फको एक स्थान खाली थियो।

रिक्त पदमा मुस्लिम कल्सटरको दोस्रो स्थानमा रहनुभएकी अन्सारीलाई सांसद बनाउन सिफारिस गर्ने पार्टीले निर्णय गरेको हो।

## गणतन्त्र नेपालको तेश्रो उपराष्ट्रपतिमा रामसहाय यादव



**राजविराज**/मुलुकले तेश्रो उपराष्ट्रपतिको रुपमा जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार रामसहाय प्रसाद यादवलाई पाएको छ।

उनी निर्वाचित भएसँगै गणतन्त्र नेपालको तेश्रो उपराष्ट्रपति भएका छन्।

शुक्रबार भएको निर्वाचनमा ३० हजार ३२८ मतभारका साथ उनी उपराष्ट्रपति निर्वाचित भएका हुन्।

कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी लगायतका दलको समर्थन पाएका उनलाई ३ सय २९ प्रदेशसभा सदस्य र १ सय ८४ संघीय सांसदले मत दिएका थिए। एमाले उम्मेदवार अष्टलक्ष्मी शाक्यलाई १ सय ६९ प्रदेशसभा सदस्य र १ सय ४ संघीय सांसदले मत दिएका छन्।

जनमत पार्टीकी उम्मेदवार ममता झालाई १५ प्रदेशसभा सदस्य र २३ संघीय सांसदले मत दिए। उम्मेदवारी फिर्ताको घोषणा गरेकी प्रमिला यादवले एक प्रदेशसभा सदस्यको मत पाएका छन्।

उपराष्ट्रपति निर्वाचनमा संघका ३ सय ३३ संघीय सांसद र ५ सय ५० प्रदेशसभा सदस्य मतदाता छन्। र, संघीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रतिष्ठाको जोखिममा बैङ्किङ क्षेत्र

**विरोध अधिकारी**

नेपालजस्तो सानो अर्थतन्त्र भएको देशमा नेपाल राष्ट्र बैङ्कले मर्जर तथा एक्युजिसनको नीति नलिँदा धेरै सङ्ख्यामा बैङ्क तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका थिए । सानो अर्थतन्त्र, राष्ट्र बैङ्कको सुपरिवेक्षण सीमाका कारण बैङ्क तथा वित्तीय संस्थाहरूको सङ्ख्या घटाउनुको विकल्प थिएन । गभर्नरमा युवराज खतिवडा हुँदै महाप्रसाद अधिकारीसम्म आइपुग्दा नेपालमा बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या उल्लेख्य रूपमा घटिसकेको छ र यो क्रम अझै जारी छ ।

विसं २०७९ पुस मसान्तसम्म नेपाल राष्ट्र बैङ्कको आधिकारिक सूचनाअनुसार 'क' वर्गको वाणिज्य बैङ्क २२, 'ख' वर्गका विकास बैङ्क १७, वित्तीय संस्था १७, लघु वित्त ६४ र पूर्वाधार बैङ्क एक गरी कुल सङ्ख्या १२१ छन् ।

बैङ्किङ व्यवसाय जोखिमपूर्ण एवं संवेदनशील व्यवसाय हो । अर्थतन्त्रको जुनसुकै पक्षमा समस्या पर्दा पनि बैङ्किङ क्षेत्रमा असर देखिन्छ । सामान्यतया बैङ्किङ उद्योगका जोखिमलाई बजार जोखिम, कर्जा जोखिम, सञ्चालन जोखिम गरी व्याख्या विश्लेषण गरिन्छ ।

बजारमा ब्याजदरमा आउने जोखिम बजार जोखिम हो । त्यस्तै कर्जा बिग्रने सम्भावनाको जोखिमलाई कर्जा जोखिम भनिन्छ भने बैङ्क सञ्चालन गर्दा आउन सक्ने मानवीय तथा प्राविधिक कारणले हुन सक्ने जोखिमलाई सञ्चालन जोखिम मानिन्छ । तर बैङ्क विश्वासमा अडेको व्यवसाय हो । विश्वासको आधारमा नै व्यक्ति तथा संस्थाहरूले खर्बौं रकम बचत गर्दा र विश्वासकै कारण अन्य बैङ्क तथा व्यावसायिक संस्थाहरूले उक्त रकम कर्जा स्वरूप लिँदा बैङ्किङ व्यवसाय सम्भव भएको हो । तसर्थ बैङ्क भनेको प्रतिष्ठामा अडेको व्यवसाय पनि हो । आधुनिक बैङ्किङमा प्रतिष्ठा जोखिमको पनि विश्लेषण गर्ने गरिन्छ । नेपालमा हाल अर्थतन्त्रमा समस्या आइरहेको र कर्जा लिएका व्यक्ति तथा व्यवसायीहरूको कर्जा भुक्तानी क्षमतामा ह्रास आइरहँदा त्यसले समाजलाई वित्तीय अराजकताको बाटोमा डोहोर्याइरहेको छ । यसले नेपाली बैङ्किङ उद्योगलाई प्रतिष्ठाको जोखिममा धकेलिरहेको छ ।

बैङ्क तथा वित्तीय संस्थाहरू प्रतिष्ठा र विश्वासले बनेको विशिष्ट संस्था हुन् । आफ्ना स्टेक होल्डर, ग्राहक, लगानीकर्ता, समाज तथा सरकारको चाहना पूरा गर्न नसक्ने अवस्थालाई हामी प्रतिष्ठा अर्थात् रेपुटेसनल जोखिम बढेको भन्छौँ । त्यो जोखिम नेपालमा मात्र नभएर विश्वमा नै देखापर्न थालेको छ ।

यसका लक्षणहरूमा पहिलो, हाल ऋणीहरू अधिक ब्याजदरबाट ग्रसित छन् । उनीहरू बैङ्कहरूसँग रुष्ट छन् । दोस्रो, लगानीकर्ताहरू पहिलेकै झैं लगानीमा प्रतिफल खोजिरहेका छन् । त्यो हाल सम्भव छैन । तस्रो, नेपाल राष्ट्र बैङ्क आफूले दिएका निर्देशनहरू हुबहु लागू होस् भन्ने चाहन्छ । तर नेपाले जस्तो कच्चा अर्थतन्त्रमा यो सम्भव छैन । यस्तै वित्तीय अराजकताका बीच कुनै दिन सहकारीले जस्तै बैङ्कले पनि निक्षेप फिर्ता गर्न नसक्ने हुन् कि भन्ने आशङ्का निक्षेपकर्ताले गरिरहेका छन् । यो नै प्रतिष्ठाको जोखिमको अवस्था हो ।

कुनै पनि अर्थव्यवस्था बैङ्क तथा वित्तीय संस्थाबिना परिकल्पना गर्न सकिँदैन । अझ पुँजीवादी अर्थतन्त्र र हाम्रो जस्तो सुधारिएको समाजवादमा त झनै सम्भव छैन । फेरि सरकारी लगानीका बाहेक निजी क्षेत्रका बैङ्क तथ वित्तीय सस्थाहरूको उद्देश्य नै नाफा गर्नु हो । जसका लागि आम्दानी अपरिहार्य आवश्यकता हो ।

निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्थाहरूको यो उद्देश्यसँगै देश र समाजको उद्देश्य पनि पूरा गर्ने भनेको राष्ट्र बैङ्कको नीतिले हो । विगत केही समयदेखिका राष्ट्र बैङ्कका नीतिहरू हेर्दा निजी क्षेत्रसँग उदार रहेको पाइँदैन । उपभोग घटाउनकै लागि बैङ्कको ब्याजदर बढाउने नीति पनि असामान्य अवस्था आउने एक कारण हो । नभए ७ प्रतिशत हाराहारीमा रहेको आधार दर बढेर १२ प्रतिशत हाराहारीमा पुग्ने थिएन । आधार दर नबढेको अवस्थामा निजी क्षेत्रमा गएको कर्जाको ब्याजदर यसरी आकासिने थिएन ।

एकातर्फ बैङ्कको ब्याज बढ्नु, अर्कोतर्फ वस्तु तथा सेवाको माग घट्नु र ब्यापार भएकोमा पनि नगद प्रवाहको कारण उधारो उठ्न नसक्दा निजी क्षेत्र प्रताडित छ । यसरी अर्थतन्त्र असामान्य दिशातर्फ अगाडि बढेको छ ।

हालै अमेरिकाको १६औँ ठूलो वाणिज्य बैङ्क सिलिकन भ्याली बैङ्क कर्जा नउठेको कारण तरलता व्यवस्थापन गर्न नसक्दा बन्द हुन पुगेको छ । विश्वभर करिब ८ हाजर ५ सय कर्मचारीसहित करिब १७५ बिलियन अमेरिकी डलर बराबर निक्षेप रहेको सिलिकन भ्याली बैङ्क ४० वर्ष पुरानो बैङ्क हो ।

> **"नेपालमा हाल अर्थतन्त्रमा समस्या आइरहेको र कर्जा लिएका व्यक्ति तथा व्यवसायीहरूको कर्जा भुक्तानी क्षमतामा ह्रास आइरहँदा त्यसले समाजलाई वित्तीय अराजकताको बाटोमा डोहोर्याइरहेको छ ।"**

सन् २००८ मा लेहम्यान ब्रदर्स बैङ्क बन्द भएपछिको विश्व अर्थतन्त्र नै मन्दीमा धकेलिएको थियो । फेरि त्यही अवस्था दोहोरिने हो कि भन्ने शङ्का गर्न थालिएको छ । विश्व बैङ्कले समेत २०२३ मा विश्व अर्थतन्त्रमा मन्दी आउने चेतावनी दिएको छ । उसले सन् २०२३ मा विश्व अर्थतन्त्रको वृद्धिदर १.७ प्रतिशत रहने प्रक्षेपण गरेको छ । नेपालले समेत यो अवस्थालाई मध्यनजर गर्दै आफ्नो अर्थतन्त्रलाई सुरक्षित गर्न आवश्यक छ ।

नेपाली बैङ्किङ उद्योग र अमेरिकी बैङ्किङ उद्योगबीचमा अहिले केही समान समस्या छन् । दुवै अर्थतन्त्रमा ब्याजदर अधिक बढेको छ । ऋणीहरूले समयमा नै ब्याज किस्ता फिर्ता गर्न सकिरहेका छैनन् । उच्च ब्याजदरका कारण सेयर बजार दबाबमा रहेको छ । कतिपय कर्जाहरू सेयर मूल्यभन्दा धेरै तल गइसकेको छ । नेपाली अर्थतन्त्रमा पनि जोखिमको रातो बत्ति बलिसकेको छ । यसलाई सम्बन्धित निकायले नीतिगत सुधार गरी कार्यक्रमहरू कार्यन्वयन गर्न ढिला भइसकेको छ ।

कतिपय ठूला ऋणीहरू नै बैङ्कको कर्जा नतिर्ने भन्दै आन्दोलन गरिरहेका छन् । २० लाखभन्दा कम कर्जा पूर्ण रूपमा मिनाहको माग राखी आन्दोलमा छन् । निजी क्षेत्रको ब्यापारीहरूको संस्था उद्योग वाणिज्य महासङ्कै कतिपय जिल्ला समितिहरू नै बैङ्कमा निक्षेप नराख्नेदेखि बन्द गर्नेसम्मका आन्दोलन गरिरहेका छन् । सर्वसाधारण जनतालाई बैङ्कहरू लुटेरा हुन् भन्ने खालका सूचना प्रवाह गरिरहेका छन् ।

यो वित्तीय अराजकता बेलैमा नरोक्ने हो भने बैङ्कहरूको प्रतिष्ठा शून्य हुनेछ । कुनै दिन भएका वाणिज्य बैङ्कहरू नै बन्द हुने स्थिति नआउला भन्न सकिन्न । तसर्थ यस्तो अवस्था आउन नदिन निजी क्षेत्र, नेपाल सरकार, राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्थाहरू र स्वयं सर्वसाधारण जनता सचेत हुन आवश्यक छ ।

कोभिड, रसिया-युक्रेन युद्धले विश्व अर्थतन्त्रलाई अधिक मूल्य वृद्धि र मन्दीमा धकेलेको छ । यसले नेपाल जस्तो कमजोर अर्थतन्त्रलाई झनै सकस दिएको छ । विश्व परिवेश, नेपाल राष्ट्र बैङ्कका कतिपय गलत नीति, नेपाल सरकार र राष्ट्र बैङ्कबीचको टकराव, जसरी पनि नाफा कमाउनुपर्छ भन्ने बैङ्क तथा वित्तीय संस्थाहरू, आफूले कबुल गरेर लिएको कर्जा नतिरे पनि हुन्छ भन्ने सोच राख्ने केही ऋणी सबका कारण नेपालको अर्थतन्त्रमा वित्तीय अराजकता निम्तिएको छ ।

सर्वसाधारणलाई बैङ्कप्रति नकारात्मक भावना जागृत गराउने प्रयास भएको छ । यो नेपालको बैङ्किङ उद्योग र वित्तीय क्षेत्रलाई प्रतिष्ठा जोखिमको रातो बत्ति हो । यसबाट उम्कने पहिलो प्रयास भनेको नेपाल सरकार, नेपाल राष्ट्र बैङ्कको नीतिगत प्रयास नै हो । एक जना दुई जना ऋणीको मात्र नभई अधिक ऋणीमा समस्या देखिनु भनेको अर्थतन्त्रमा समस्या हुनु हो ।

तसर्थ ऋणीहरूले पनि कर्जा भुक्तान गर्दिनँ नभनी सकेको ब्याज किस्ता आजै बुझाउने र नसकेकोमा नेपाल राष्ट्र बैङ्कले ल्याएको सहजताको नीतिअनुसार भुक्तान गर्न आवश्यक छ । सर्वसाधारणको निक्षेप सङ्कलन गरेका बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जा तिर्दिनँ भन्नु वित्तीय अपराध हो । तसर्थ यस्ता कुरालाई प्रस्रय दिनेहरूप्रति सरकार शून्य सहनशील हुन आवश्यक छ । जोखिमको डिलमा पुगेको नेपाली बैङ्किङ उद्योगलाई सबै मिली बचाउनु आजको अपरिहार्य आवश्यकता हो । रातोपाटीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३



## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार

## तपाईंकै सहर राजविराजमा


आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२
बिरामी जाँचको समय : बिहान ८:३० देखि ५:०० बजेसम्म

# प्रमुख प्रशासकीय अधिकृत बनाउन स्थानीय तहकै कर्मचारी हुनुपर्ने माग

**राजविराज**/प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहकै कर्मचारी हुनुपर्ने माग गरिएको छ ।

गाउँपालिका राष्ट्रिय महासंघले संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीलाई ८ बुँदे मागसहितको ज्ञापन पत्र बुझाएको छ ।

महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेको नेतृत्वमा गएको टोलीले मन्त्री मोदीलाई बुझाएको माग पत्रमा संविधानको भावना अनुकूल स्थानीय सरकारको स्वायत्तता तथा प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृत स्थानीय सरकारको आफ्नै कर्मचारी हुनुपर्दछ भन्ने हाम्रो स्पष्ट मान्यता रहेको उल्लेख छ ।

यस्तै संघमा श्रेणी र स्थानीय तथा प्रदेशमा तहगत प्रणाली लागू भएको भन्दै महासंघले तहगत सरकारहरुमा श्रेणी र तह दुई प्रकारका प्रणालीको सट्टा सबै संघीय एकाइहरुबीच एकरुपता कायम गर्न तीनवटै तहको सेवामा तहगत प्रणाली लागू गर्न माग गरेको छ ।

स्थानीय तहको सेवामा नियुक्त कर्मचारी पनि प्रदेश र संघीय निजामती सेवामा हुने बढुवामा सम्भाव्य उम्मेदवार बन्न पाउने गरी निश्चित प्रतिशत छुट्याउन समेत महासंघले माग गरेको छ ।

# बहुला कुकुरको टोकाईबाट अधिकांश बालबालिका घाइते

**राजविराज**/राजविराज नगरपालिका क्षेत्रमा शुक्रबार एकै दिन एक दर्जन भन्दा बढी व्यक्तिलाई बहुला कुकुरले टोकेर घाइते बनाएको छ । घाइते हुनेहरुमा अधिकांश बालबालिका छन् ।

शुक्रबार बिहान ६ बजेदेखी साँझ ६ बजेसम्ममा बहुला कुकुरले टोकेर घाइते भई उपचार गराउन आउनेको संख्या १३ पुगेको छ ।

अस्पतालका अनुसार बहुला कुकुरको टोकाईबाट घाइते भई उपचार गराउन आउनेहरुमा राजविराजका अनुपमा खड्गा, जानकी खडगा, दुर्गीदेवी मुखिया, अक्षरत साह, साक्षि साह, गणेश चौहान, शिवा साह, सावित्रि साह छन् ।

स्थानिय बिजय साहले चार/पाँच वटा बहुला कुकुरले बिहानैदेखी जनआन्दोलन चौक, गजेन्द्र चौक, सिरहा रोड र हटिया बजारमा आंतक मचाएको बताए । बहुला कुकुर अत्यन्त व्यस्त बजार मानिएको हटियामा प्रवेश गरि आंतक मचाउन थालेपछि किनमेलका लागि आएका सर्वसाधारणहरुमा भागाभाग मचिएको थियो ।

यस्तै किनमेलका लागि राजविराज आएका छिन्नमस्ता गाउँपालिकाका प्रतिक कुमार झा र कृती कुमारी झा पनि घाइते भएकी छिन् । घाइते सबैलाई एन्टिरेबिज भ्याक्सिन लगाउनुका साथै आवश्यक उपचार गरिएको सो अस्पतालले जनाएको छ ।

बहुला कुकुरले आंतक मचाउन थालेपछि राजविराज नगरपालिकाले कुकुरलाई पक्रने प्रयास थालेको राजविराज वडा नं. ७ का सदस्य रमानन्द देवले जानकारी दिए ।

# कुखुरा फर्ममा आगलागि हुँदा १६ लाख बराबरको क्षति

**राजविराज**/सप्तरीको महदेवा गाउँपालिका २ स्थित एउटा कुखुरा फर्ममा मंगलवार राती अचानक आगलागि हुँदा ४ हजार कुखुरा जलेर मरेका छन् ।

महदेबा टोल निवासी सन्जिब माझी संचालक रहेको संगिता कृषि तथा पशुपंक्षी फर्ममा अचानक आगलागि हुँदा १६ लाख मुल्य बराबरको क्षति भएको पीडितले जनाएका छन् ।

आगलागीको कारण भने खुल्न नसकेको र सो बारे अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए ।

आगो नेपाल प्रहरी र स्थानियबासिको सहयोगमा पुर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच प्रदेशसभा सदस्य सतिशकुमार सिंहले आगलागि भएको स्थानको बिहीबार निरिक्षण गरेका छन् । उनले आगलागिका घटनाप्रति दुःख व्यक्त गर्दै क्षतिपूर्तिका लागि नियमसम्वत आफूले पहल गर्ने प्रतिबद्धता समेत जनाए ।

उनले जिल्लामा दिनहु भइरहेको आगलागिका घटनाहरुप्रति दुःख व्यक्त गर्दै त्यस्ता घटनाप्रति सचेत रहन जिल्लावासीलाई अपिल पनि गरे ।

# लडेर यूवकको मृत्यु

**राजविराज**/सप्तरीमा एक यूवकको लडेर घाइते पश्चात् उपचारका क्रममा बुधबार मृत्यु भएको छ ।

सप्तरीको सप्तकोशी नगरपालिका ८ बलारदहस्थित मंगल हटिया निवासी २२ वर्षिय श्रीकान्त दास आफ्नै घरको गेट बाहिर लडेर घाइते भएका थिए ।

अचेत अवस्थामा उनलाई स्थानिय मेडिकलमा लगि सामान्य उपचार पश्चात थप उपचारका लागि स्थानिय स्वास्थ्य चौकी फत्तेपुरमा भर्ना गरिएकोमा सोही स्वास्थ्य चौकीमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# हार्दिक श्रद्धाञ्जली



जन्म मिति
बि. सं. १९९८/५/४

स्वार्गारोहण
बि. सं. २०७९/११/१७

**स्व. देवकी देवी साह "हलुवाई"**

हाम्रा ममतामयी आमा देवकी देवी साहको स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिका लागि भगवानसँग प्रार्थनाका साथै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । यस घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र तथा साथीभाइहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**छोरा**
कपलेश्वर प्रसाद साह
किशोर कुमार साह
अशोक कुमार साह
बसन्त कुमार साह

**बुहारी**
उर्मिलादेवी साह
लक्ष्मीदेवी साह
सीतादेवी साह
रन्जुदेवी साह

**छोरी**
फुलो देवी साह

**ज्वाई**
अभय प्रताप साह

**नाति** : राजेश कुमार साह, विशाल कुमार साह ललित कुमार साह, अमित कुमार साह, अभिषेक साह, प्रेम साह, शिवम साह, प्रतिक साह

तथा समस्त साह परिवार

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
**तिरहुत गाउँपालिका, सप्तरी**


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता

**महदेवा गाउँपालिका, सप्तरी**

# विभिन्न विकासीय योजनाहरु ढिलो नगरि यथाशिघ्र सम्पन्न गर्न गराउन प्रजिअ थापाको निर्देशन




**राजविराज**/सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले जिल्लामा संचालित विभिन्न विकासीय योजनाहरु ढिलो नगरि यथाशिघ्र सम्पन्न गर्न गराउन निर्देशन दिएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा बुधबार आयोजित छलफल कार्यक्रममा योजनाका ठेकेदार, जनप्रतिनीधी, सुरक्षा निकायका प्रमुख, विभिन्न कार्यालयका प्रमुखहरुलाई समेत राखेर उनले कडा निर्देशन दिएका हुन् ।

आयोजित छलफलमा ३/३ पटक म्याद थप्दा पनि कतिपय योजनाको काम अझै अधुरो रहेको भन्दै त्यसबाट जनताले सास्ती समेत पाउने अवस्था आएको भनदै प्रजिअ थापाले राजविराज बसपार्क र हटियाको सपिङ कम्प्लेक्स निर्माणको ३/३ पटक म्याद थप्दा पनि अझै अधुरा रहेकोले त्यस्ता ढिलासूस्ती अब सहन नहुने जनाए ।

त्यस्तै जिल्लामा संचालित सिरहा सडक, हुलाकी सडक, रुपनी सडक लगायतका योजनाको काम पनि छिट्टै सम्पन्न गर्नु पर्ने उनको भनाई थियो ।

कार्यक्रममा बोल्दै प्रतिनीधी सभा सदस्य दिनेश कुमार यादवले पटक पटक म्याद थपेर पनि योजनाहरु अधुरै रहनु लाजमर्दो कुरा रहेको भन्दै यसले जनतालाई समेत पीडा पुगी रहेको तर्फ ध्यानाकर्षण गराएका थिए ।

राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इशरत प्रविणले म्याद गुज्रेर पनि काम अधुरो रहेको अवस्थामा व्यवहारिकतालाई ध्यानमा राखी आफूहरुले म्याद थप गर्दा समेत काम पुरा नगरेर ढाँटने काम मात्र भइरहेको भन्दै यस्तो पाराले विकासीय काममा लगाएको लगानी समेत निरर्थक हुने अवस्था आएको बताईन । उनले अब ठेकेदारले गर्ने कुनै पनि बहाना उपर सुनवाई नहुने सचेत गराउँदै थपिएको म्याद भित्र पनि काम नसक्नेलाई कानुन बमोजिम कारवाही हुने समेत चेतावनी दिइन ।

प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले बसपार्क निर्माण कार्यमा ठेकेदारले ढिलासुस्ती गर्दा सडक किनारबाटै सवारी साधन संचालन भइरहेको र यसबाट दुर्घटनाको जोखिम बढ्नुका साथै ट्राफिक व्यवस्थापनमा समेत चुनौती थपिएको बताए ।

छलफलमा ठेकेदार कम्पनीका प्रतिनीधीहरुले कोरोना, मंहगी, समय मै साईड क्लियरेन्सको अभाव लगायतका कारण ढिलाई भएको स्विकार्दै अब समय मै काम गर्ने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा जिल्लामा संचालन रहेका योजनाहरु संग सम्बन्धित कार्यालयका प्रमुखहरु, यातायात व्यवसायी, यातायात मजदुर, जनप्रतिनीधी, संचारकर्मी लगायतको उल्लेख्य सहभागिता रहेको थियो । .

## प्रधानमन्त्रीले सोमबार विश्वासको मत लिने

**काठमाडौं**/प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिने सहमति गरेको छ ।

शनिबार बालुवाटारमा बसेको बैठकले सोमबार प्रतिनिधि सभाको बैठकमा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने सहमति बनेको प्रधानमन्त्रीका स्वकीय सचिव गंगा दाहालले जानकारी दिइन् ।

यस्तै आइतबार संसदमा प्रस्तुत गर्ने विधेयकमा पनि एकमतका साथ प्रस्तुत हुने सहमति बनेको उनले बताएकी छन् ।

## पोखरीमा डुबेर बालकको मृत्यु

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. ३ स्थित पोखरीमा खेल्ने क्रममा डुबेर एक पाँच वर्षिय बालकको मृत्यु भएको छ ।

डुबेर मृत्यु हुनेमा सो ट्राफिक चौक निवासी बिरेन्द्र मण्डलका ५ वर्षिय छोरा हार्दिक मण्डल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आफ्नो घर छेउमा रहेको पोखरीमा खेल्ने क्रममा डुबेर घाईते भएका बालक मण्डललाई उपचारका लागी युनिक अस्पताल रुपनी लगिएकोमा सोही अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको हो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रपति पुटिनविरुद्ध पक्राउ पुर्जी जारी, रुसद्वारा निन्दा

**हेग**/यहाँस्थित अन्तरराष्ट्रिय फौजदारी अदालत(आइसिसी)ले युक्रेनमा युद्ध अपराध गरेको आरोपमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । उहाँले १६ हजारभन्दा बढी युक्रेनी बालबालिकालाई गैरकानूनी रुपमा देश निकाला गरेको आरोपमा पक्राउ पुर्जी जारी गरेको हो । आइसिसीले बालबालिकाको अधिकारसम्बन्धी रुसी राष्ट्रपतिका आयुक्त मारिया लभोभा बेलोभाविरुद्ध पनि सोही आरोपमा पक्राउ पुर्जी जारी गरेको बताएको छ । आइसिसी सदस्य देशका सरकारको सहयोग बिना संदिग्धहरुलाई पक्राउ गर्ने अधिकार अदालतलाई नभएकाले पुष्टिन र मारिया पक्राउ पर्ने सम्भावना अति कम छ ।

मस्कोले आइसिसीका आदेशलाई अर्थहीन भन्दै खारेज गरेको छ । साथै मस्कोले आरोप अस्वीकार गर्दै पक्राउ पुर्जी जारी हुनुलाई अपमानजनक भनेर त्यसको निन्दा गरेको छ । रुसी नेता पुटिन आइसिसीले पक्राउ पुर्जी जारी गरेका तेस्रो बहालवाला राष्ट्रपति हुनुभएको छ । रुस आइसिसीको पक्ष राष्ट्र नभएकाले राष्ट्रपति पुटिन पक्राउ पर्ने सम्भावना छैन । अर्थात् द हेगमा रहेको उक्त अदालतको आदेश त्यहाँ कार्यान्वयन हुने कुनै आधार पनि छैन । यद्यपि त्यसले राष्ट्रपति पुटिनको अन्तरराष्ट्रिय यात्रामा असर पर्नसक्छ ।

अन्तरराष्ट्रिय फौजदारी अदालतको सदस्यता लिएर विश्वका एक सय २३ सदस्य राष्ट्रहमध्ये कुनैमा उहाँले पाइला राखेमा उहालाई पक्राउ गर्न सकिनेछ । आइसिसीका अध्यक्ष पिओटर होफमान्स्कीले पक्राउ आदेश कार्यान्वयन अन्तरराष्ट्रिय सहयोगमा निर्भर हुने बताउनुभएको छ । युद्धग्रस्त युक्रेनले राष्ट्रपति पुटिनविरुद्ध आइसिसीले पक्राउ पुर्जी जारी गरेकामा त्यसको स्वागत गरेको छ । राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले अदालतको कदमलाई ऐतिहासिक निर्णय भन्दै स्वागत गर्नुभएको छ ।

चिनियाँ राष्ट्रपति सी जिनपिङको आगामी साता हुने मस्को भ्रमण तथा रुसलाई चीनले सैन्य सहायता गर्ने समाचार सार्वजनिक भइरहेका बेला जारी भएको आइसिसीको आदेशले अन्तरराष्ट्रिय जगत्मा तरङ्ग पैदा गरेको छ । यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि आफ्ना रुसी समकक्षी पुटिनविरुद्ध अन्तरराष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरेकामा त्यसको स्वागत गरेका गर्नुभएको छ । राष्ट्रपति पुटिनले युक्रेनमा युद्ध अपराध गरेको ठहर गर्दै पक्राउ पुर्जी जारी गर्नुलाई अमेरिकी राष्ट्रपति 'न्यायसङ्गत' भन्नुभएको छ । अमेरिका पनि आइसिसीको पक्ष राष्ट्र होइन । राष्ट्रपति कार्यालय ह्वाइट हाउसबाट आफ्नो डेलावरस्थित निजी निवासतर्फ प्रस्थान गर्नुअघि उहाँले रुसी राष्ट्रपति पुटिनले 'स्पष्ट रूपमा युद्ध अपराध गरेको' पत्रकारहरूलाई बताउनुभयो ।

गत महिना जर्मनीको म्युनिखमा आयोजित सुरक्षा सम्मेलनमा उपराष्ट्रपति कमला ह्यारिसले युक्रेनमा रुसले मानवताविरुद्धको अपराध गरेको आरोप लगाउँदै उसलाई दण्ड दिनुपर्ने बताउनुभएको थियो । रुसी सेनाले गैरसैनिक क्षेत्रमा गरेको आक्रमण आलोचना गर्दै उहाँले हत्या, यातना, बलात्कार र निर्वासन जस्ता घृणित कार्य भएकामा रुसको निन्दा गर्नुभएको थियो । त्यसअघि पनि बाइडेन प्रशासनले युक्रेनमा मस्कोले युद्ध अपराध गरेको प्रमाण आफूसँग रहेको जनाउँदै मस्कोविरुद्ध अन्तरराष्ट्रिय समुदायले आवाज उठाउनुपर्नेमा जोड दिँदै आएको थियो । एजेन्सी

## तापक्रम बढेसँगै बाका नदीका लाखौं माछा मरे

**सिड्नी**/अष्ट्रेलियाको न्यु साउथ वेल्सको दुर्गम भागमा रहेको मेनिन्डी शहर नजिकको डार्लिङ बाका नदीका लाखौं माछा मरेका छन् । तापक्रम वृद्धिका कारण माछा मरेका न्यु साउथ वेल्सका अधिकारीहरूले बताएका छन् । स्थानीय बासिन्दाका अनुसार यति धेरै माछा यसअघि मरेका थिएनन् । अति ताप लहरका कारण माछा मरेका हुन् । सामाजिक सञ्जालमा सार्वजनिक गरिएका तस्बिरमा नदीमा पानीभन्दा मरेका माछा देखिन्छन् । पानीको सतह देखिदैन आँखाले भ्याएसम्मको दृश्यमा मरेका माछा मात्र छन् । शुक्रबार बिहान स्थानीय बासिन्दाले लाखौं मरेका माछा नदीमा देखेको बताएका छन् । तीन वर्षअघि पनि माछा मरेका थिए तर परिमाणात्मक रूपमा त्यो आजको जस्तो थिएन । मानव सिर्जित जलवायु परिवर्तनका कारण ताप लहर लगातार तीव्र हुँदै गएकाले जलचर पनि त्यसको शिकार भएका उनीहरूको अनुमान छ । एजेन्सी

## दक्षिण अफ्रिकामा दादुरा सङ्क्रमित ७६६ जना पुगे

**जोहानेसबर्ग**/दक्षिण अफ्रिकाको राष्ट्रिय सङ्क्रामक रोग संस्थान (एनआईसीडी) ले देशमा हालसम्म प्रयोगशालाबाट पुष्टि भएका दादुराका घटनाहरु बढेर शुक्रबारसम्म ७६६ पुगेको जनाएको छ । "पूर्वीकेप बाहेक सबै दक्षिण अफ्रिकी प्रान्तहरूमा दादुराको प्रकोपग्रस्त क्षेत्र घोषणा गरिएको," एनआईसीडीले विज्ञप्तिमार्फत जनाएको छ । सङ्क्रमितमध्ये ४२ प्रतिशतभन्दा बढी बालबालिका रहेका छन् । सरकारले सबै जनतालाई आफ्ना बालबालिकालाई दादुरा विरुद्धको खोप लगाउन अनुरोध गरेको छ । दादुरा सङ्क्रमणका प्रमुख लक्षणहरूमा उच्च ज्वरो, खोकी, आँखा रातो हुने र नाक बग्ने लगायतका रहेका छन् । एजेन्सी

# झण्डै डेढ दशकपछि आज स्ववियु निर्वाचन हुदै



रंजित यादव (सवियु), रंजिव कुमार साह (अनेरास्ववियु), डोली कुमारी दास (आविमो), महेश यादव (नेवि संघ), रामभजन मण्डल (जवि संघ)

**राजविराज**/मुलुकमा झण्डै डेढ दशकपछि आज चैत ५ गते स्ववियु निर्वाचन हुन लागेको छ। स्ववियुको पछिल्लो निर्वाचन २०६५ सालमा भएको थियो।

राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचनलाई लक्षित गरी नेविसंघ, जनमत विद्यार्थी संघ तथा आम विद्यार्थी मोर्चा एक्लै चुनावी मैदानमा छ।

नेवि संघबाट महेश यादव, जनमत विद्यार्थी संघबाट रामभजन मण्डल तथा आम विद्यार्थी मोर्चाका तर्फबाट डोली कुमारी दास सभापती पदका उम्मेदवार बनेका छन।

यस्तै समाजवादी विद्यार्थी युनियन, अखिल क्रान्तिकारी र लोकतान्त्रिक विद्यार्थी संघ तालमेल गरी प्यानलसहित चुनावी मैदानमा छ। यो गठबन्धनबाट समाजवादी विद्यार्थी युनियनका रंजित यादव सभापतिका उम्मेदवार हुन।

यसैगरि एमाले निकटका अनेरास्ववियु र एकिकृत समाजवादी निकटका अनेरास्ववियुले पनि गठबन्धन गरी प्यानलसहित चुनावी मैदानमा होमिएका छन्। यस गठबन्धनबाट एमाले निकटको अनेरास्ववियुका रंजिव कुमार साह सभापती पदका उम्मेदवार बनेका छन्।

स्ववियु निर्वाचनका लागी यस क्याम्पसमा कुल १ हजार ९ सय १४ मतदाता रहेको तथा समानुपातिक तर्फ ९ र प्रत्यक्षतर्फका १० गरी कुल १९ पदका लागी निर्वाचन हुन गइरहेको निर्वाचन अधिकृत रामअशिष यादवले बताए।

स्ववियु निर्वाचन पश्चात् विद्यार्थीहरुको हकहितको संरक्षण, बौद्धिक र चारित्रिक विकासका लागि कार्यक्रम तर्जुमा कार्यान्वयन, पठनपाठनका लागी उपयुक्त वातावरण, अनुशासन कायम, बौद्धिक, रचनात्मक तथा अतिरिक्त क्रियाकलाप लगायतका गतिवीधी उचित ढंगले अघि बढ्ने विद्यार्थीहरुको विश्वास छ।

# अनाधिकृत रुपमा विद्युत प्रयोग गरिरहेका १ सय १४ जना पक्राउ

**राजविराज**/विद्युत प्राधिकरण वितरण केन्द्र राजविराजले एक महिनाको अवधीमा अनाधिकृत रुपमा विद्युत प्रयोग गरिरहेका १ सय १४ जनालाई नियन्त्रणमा लिएको छ।

प्राधिकरणले विधुत नियन्त्रणका लागि चलाएको अभियान अन्तरगत पक्राउ परेकाहरुलाई विद्युत ऐन अनुसार कारवाही गरिने जनाएको छ।

सबै जना प्राधिकरणको विद्युतिय पोलमा हुकिङ्ग गरी घरमा चोरीको विद्युत प्रयोग गरीरहेको अवस्थामा पक्राउ परेको वितरण केन्द्रका प्रमुख मधुसुधन यादवले जानकारी दिएका छन्।

पक्राउ परेकाहरुबाट प्रति व्यक्ति १५ हजार ५ सय जरिवाना वसुल तथा अब उप्रान्त विद्युत चोरी न गर्ने सचेत गराई मात्र छाडिने प्रहरीले जनाएको छ।

विषेश गरी ग्रामिण क्षेत्रमा विद्युतिय पोलमा हुकिङ्ग गरी विद्युत चोरी गर्ने काम बढेको सूचना आउन थालेपछी नियन्त्रणका लागी सशस्त्र र नेपाल प्रहरीको सहयोगमा "विद्युत चुहावट नियन्त्रण अभियान" नै चलाइएको प्राधिकरणले जनाएको छ।

# सशस्त्र संघर्ष र क्रान्तिका क्रममा सहादत प्राप्त गर्ने सहिदहरूको नामावली राजपत्रमा प्रकाशित

**काठमाडौं**/नेपाल सरकारको मन्त्रिपरिषद बैठकले निर्णय गरेअनुरूप सशस्त्र संघर्ष र क्रान्तिका क्रममा सहादत प्राप्त गर्ने सहिदहरूको नामावली नेपाल राजपत्रमा प्रकाशित भएको छ।

गत फागुन १५ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको मन्त्रिपरिषद बैठकले जनयुद्धदेखि विस्तृत शान्ति सम्झौताको अवधिसम्म भएका सहिदहरूको नामावली राजपत्रमा प्रकाशित गरी राष्ट्रिय सहिदको मान्यता दिने निर्णय गरेको थियो।

मन्त्रिपरिषदको निर्णयपछि गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पत्र पठाई सहिदहरूको अभिलेख माग गरेको थियो।

७७ जिल्लाबाट प्राप्त सोही अभिलेखका आधारमा सहिदहरूको नामावली राजपत्रमा प्रकाशित भएको छ। जनयुद्धका सहिदहरूले राष्ट्रिय सहिदको मान्यता पाउनुपर्ने माग बारम्बार उठ्दै आएको भएपछि उनीहरूले राष्ट्रिय सहिदको मान्यता पाउन सकेका थिएनन्।

यससँगै जनयुद्धकालमा राज्य र विद्रोही पक्षबाट ज्यान गुमाएका नागरिकहरूले राष्ट्रिय सहिदको मान्यता पाएका छन्। राष्ट्रिय सहिदका परिवारहरूले यसअघि सहिद घोषणा भई राज्यबाट परिपूरण र सम्मानस्वरूप प्राप्त गरेको सुविधाअनुरूप नै क्षतिपूर्ति, परिपूरण र सम्मान पाउनेछन्।


## जग्गा खरिद सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/१२/५**

प्रस्तुत विषयमा दलित सरोकार मञ्च नेपाल कञ्चनरुप नपा ८ सप्तरीको बहुउद्देश्य हल निमार्ण गर्ने भएकोले उक्त हल निमार्णका लागि मञ्चको कार्यालय नजिक (कञ्चनपुर फत्तेपुर सडकदेखी बालबोध स्कूल हुदै कविलासा जाने बाटोमा) शिलबन्दी दरभाउपत्रको माध्यमबाट ६ देखी ७ धुर जग्गा खरिद गनुपर्ने भएकोले बेचबिखन गर्न चाहने इच्छुक जग्गाधनीले जग्गाको न्यूनतम मुल्य कायम गरी जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी, चालु आवसम्म बुझाउनु पर्ने कर तिरेको कागजातहरु, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र नगद ५ सय निवेदन दस्तुरसहित कार्यालय समयभित्र उपस्थित भई शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। सो पेश भएका प्रस्तावहरु ८ औं दिन चैत्र १२ गते अपरान्ह १२ बजे मञ्चका खरिद समितिको रोहवरमा प्रस्ताव खोलिनेछ। अन्य थप जानकारीका लागि मञ्चको कार्यालयमा सम्पर्क राखि जानकारी लिन सकिनेछ।

**कार्यकारी निर्देशक**
दलित सरोकार मञ्च नेपाल
कञ्चनरुप नपा ८ सप्तरी


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*